नेपालको संघीय संसदको प्रतिनिधि सभा तथा जनवादी गणतन्त्र चीनको

राष्ट्रिय जनकङ्ग्रेसका बीच सम्पन्न

अन्तरसंसदीय सहयोग सम्बन्धी

समझदारीपत्र

नेपालको संघीय संसदको प्रतिनिधि सभा तथा जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकङ्ग्रेस (नेसनल पिपुल्स कङ्ग्रेस) (यसपछि यहाँ "दुवै पक्ष" भनिएको);

नेपाल र जनवादी गणतन्त्र चीनबीच सहर्ष कायम रहेको द्विपक्षीय सम्बन्ध र सहयोगलाई थप सुदृढ गर्न तथा दुई राष्ट्र र जनताको आपसी हितको लागि दुवै राष्ट्रहरुबीच सहयोगको आदान-प्रदान र आपसी विश्वासलाई अझ गहन तुल्याउन इच्छुक हुँदै;

सन् २०१९ को अक्टोबरमा भएको राष्ट्रपति सि जिनपिङको नेपाल भ्रमणको अवसरमा नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकारबीच विकास र समृद्धिको लागि चिरकालसम्म मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धलाई सहयोगको रणनीतिक साझेदारीमा अभिवृद्धि गर्ने गरी भएको निर्णयलाई पुनः पुष्टि गर्दै;

दुई राष्ट्रबीच सम्पन्न बेल्ट एण्ड रोड इनिसिएटिभ अन्तर्गत सहयोग सम्बन्धी समझदारीपत्रलाई अन्तरहिमालय बहुआयामिक अन्तरआवद्धता सञ्जालको खाका अन्तर्गत सहयोगका विभिन्न क्षेत्रमा अन्तरआवद्धता अभिवृद्धि गर्ने र आपसी लाभको सहयोगलाई गहन तुल्याउने महत्वपूर्ण अवसरको रुपमा पुनः स्मरण गर्दै;

अन्तरसंसदीय आदानप्रदान र राज्य राज्यबीचको सहयोगात्मक सम्बन्धको महत्वपूर्ण अंशको रुपमा रहेको तथा यसले आपसी समझदारी र विश्वास अभिवृद्धि गर्न साथै दुई राष्ट्रहरुबीच सहमति विस्तार गर्न मद्दत गर्ने कुरालाई आत्मसात गर्दै;

नेपालको संघीय संसदको प्रतिनिधि सभा र जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकङ्ग्रेस बीचको मैत्रीपूर्ण सम्बन्ध र सहयोग सुदृढ गर्ने महत्वमा जोड दिँदै,

देहायबमोजिम गर्ने निर्णय गरेका छन्:

१. दुबै पक्ष आपसी विश्वास सुदृढ र विकास गर्न, एकअर्काको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सम्मान गर्न, एकअर्काको स्वतन्त्र रुपमा छनोट गरिएको सामाजिक प्रणाली र विकास पथको सम्मान गर्न तथा एकअर्काका मूल हित र महत्वपूर्ण सरोकारका विषयमा साथ दिन सहमत भएका छन्।

२. दुबै पक्षले दुई राष्ट्र र जनताबीचको द्विपक्षीय सम्बन्ध थप गहन बनाउन र सहयोगमा योगदान पुऱ्याउन बहुआयमिक माध्यमबाट सबै तहमा अन्तरसंसदीय आदानप्रदान र सहयोग सुदृढ गर्न प्रयास गर्नेछन्।

३. दुबै पक्षले नेपाल र जनवादी गणतन्त्र चीनका दुई व्यवस्थापिका बीच उच्च स्तरीय भ्रमण र सम्पर्कको आदानप्रदानमा प्राथमिकता दिनेछन्।

४. दुबै पक्षले संसदीय मैत्री समूहहरुलाई उनीहरुको संलग्नता अभिवृद्धि गर्न प्रोत्साहन गर्नेछन् र साथ दिनेछन् तथा दुई व्यवस्थापिका बीच सदभाव र समझदारी प्रवर्द्धन गर्न सक्रिय भूमिका निर्वाह गर्न प्रोत्साहन गर्नेछन्।

५. दुबै पक्षले एकअर्काको विधायिकी, सुपरिवेक्षकीय र शासन सञ्चालन सम्वन्धी अभ्यासका बारेमा जानकारी आदानप्रदान गर्ने र दुई सरकार बीच सहमति भएबमोजिम बेल्ट एण्ड रोड इनिसिएटिभ मार्फत समेत दुई राष्ट्रहरु बीच अन्तरआवद्धता अभिवृद्धि गरी पारस्परिक लाभको सहयोगमा सहजीकरण गर्न महत्व दिनेछन्।

६. दुबै पक्ष साझा हितको विषयमा इन्टर पार्लियामेण्टरी यूनियन लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संसदीय संगठनहरुको खाका अन्तर्गत सहयोग सुदृढ गर्न सहमत भएका छन्।

यो समझदारीपत्र दुबै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ र पाँच वर्षको समयावधिसम्म मान्य रहनेछ र कुनै पक्षले यो समझदारीपत्र समाप्त हुने मितिभन्दा छ (६) महिना अगावै लिखित रुपमा यो समझदारीपत्र अन्त्य गर्ने सम्बन्धमा सूचना दिएकोमा बाहेक अर्को क्रमिक समयावधिको लागि स्वतः नविकरण हुनेछ।

यस समझदारीपत्रको व्याख्या वा कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा त्यसको समाधान गरिनेछ। यस समझदारीमा कुनै परिमार्जन वा संशोधन दुबै पक्षको लिखित सहमतिबाट ग्रहण गरिनेछ।

यस समझदारीपत्रमा नेपालको सङ्घीय संसदको प्रतिनिधिसभाका सभामुख सम्माननीय श्री अग्नी प्रसाद सापकोटा र जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकाङ्ग्रेसको स्थायी समितिका अध्यक्ष श्री ली चाङसुबीच् काठमाडौंमा १२ सेप्टेम्बर २०२२ मा भएको द्विपक्षीय वार्तामा भएको सहमतिको आधारमा हस्ताक्षर गरिएको छ।

१२ सेप्टेम्वर २०२२ मा काठमाडौंमा नेपाली, चिनियाँ र अङ्ग्रेजी भाषाको दुई-दुई सक्कल प्रतिमा हस्ताक्षर गरिएको र सबै प्रति समान रुपले आधिकारिक छन्। कुनै विवाद उत्पन्न भएमा अङ्ग्रेजी प्रति मान्य हुनेछ।

| | |
|---|---|
| नेपालको संघीय संसदको प्रतिनिधिसभाको तर्फबाट | जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकङ्ग्रेसको तर्फबाट |
| सापकोटा | 栗战书 |
| ..................................... | ..................................... |
| अग्नी प्रसाद सापकोटा | ली चान्शु |
| सभामुख | अध्यक्ष स्थायी समिति |
| प्रतिनिधि सभा | राष्ट्रिय जनकङ्ग्रेस |
| नेपाल | जनवादी गणतन्त्र चीन |